
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन १९ गते शनिबार ❑ 3 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## संविधान संशोधनले प्रतिगमन हुन्छ भनिनु भ्रम मात्र : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १८ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनबाट प्रतिगमन आउँछ भन्ने खालका भ्रममा विश्वास नगर्न कानुन व्यावसायीलाई आग्रह गर्नुभएको छ ।

नेपाल बार एसोसिएसनका प्रतिनिधिमण्डलसँग शुक्रबार सिंहदरबारस्थित कार्यालयमा प्रधानमन्त्री ओलीले जनताको आवश्यकताअनुसार दुई तिहाइ सांसदले संविधान संशोधन गर्न सक्ने व्यवस्था संविधानमै गरिएकाले जनमतप्रति विश्वास गर्न आग्रह गर्नुभयो ।

"दुई तिहाइ सांसदले संविधान संशोधन गर्न सक्छन्, यही आधारमा संशोधन हुने हो । हामी लोकतन्त्रका लागि जेलनेल र सङ्घर्ष गरेर यहाँसम्म आएका छौँ । हामीबाट लोकतन्त्र सिध्याउने गरी संविधान संशोधन हुन्छ भनेर कसरी कल्पना गर्न सकिन्छ ?" प्रधानमन्त्री ओलीले प्रश्न गर्दै भन्नुभयो, "संविधान संशोधनमा प्रतिगमनको कुरा कहाँबाट आयो ? हामी प्रतिगामी कुरालाई स्वीकार्दैनौँ । संविधान संशोधन अग्रगमन, सुशासन, विकासका लागि र कार्यान्वयनका क्रममा नमिलेका विषय मिलाउन गर्ने हो ।" एसोसिएसनको गत जेठ पहिलो साता भएको राष्ट्रिय सम्मेलनबाट पारित संवैधानिक एवं कानुनी विषयमा सुधारका लागि विषयवस्तुबारे अध्यक्ष गोपाललकृष्ण घिमिरेसहितका कानुन व्यवसायीका कुरा सुनेपछि प्रधानमन्त्री ओलीले राज्यका अङ्गको नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई पालना गर्दै मुलुकको आर्थिक क्षमतालगायत अवस्था हेरेर पनि न्यायालयले फैसला दिनुपर्नेमा जोड दिनुभयो । "अर्थतन्त्रको स्थिति तनाखा बढाउन सक्ने खालको छैन," प्रधानमन्त्री ओलीले भन्नुभयो, "यतियति तलब बढाऊ भनेर तिथिमिति तोकेर फैसला आएमा कार्यान्वयन गर्न व्यवहारिकरूपमा समस्या हुन्छ ।" उहाँले न्यायालयको पुनःसंरचना र सुधार गर्दा सम्बन्धित सबैको आनीबानी र व्यवहारमा पनि पुनःसंरचना गर्नुपर्नेमा जोड दिनुभयो । बारका प्रतिनिधिले संवैधानिक पदाधिकारीमाथि महाभियोग लगाउँदा छ महिनाभित्र संसद्ले किनारा लगाउनुपर्ने प्रस्ताव गर्दा प्रधानमन्त्री ओलीले त्यस अवधिलाई अझै घटाउनुपर्ने विचार राख्नुभयो । तत्कालीन प्रधानन्यायाशीश सुशीला कार्कीलाई भ्रमपूर्णरुपमा महाभियोग लगाइएको उल्लेख गर्दै उहाँले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीले पदीय आचरणविरुद्ध जथाभावी गतिविधि गरेकाले आफ्नै पहलमा महाभियोग लगाइएको स्पष्ट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्कुल बस दुर्घटना: आमा र छोराको शव ५ दिन पछि आफन्तले बुझे

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

पोखरामा स्कुल बस दुर्घटना परी मृत्यु हुनु भएको आमा र छोराको शव ५ दिन पछि मात्र आफन्तले बुझ्नु भएको छ ।

पोखरा पार्दीविरौटाको एलपी देवकोटा मेमोरियल स्कुलकी कर्मचारी ३३ बर्षकी आरती बि.क.(आमा) र उहाँका छोरा ६ बर्षका प्रिन्स बि.क.को पोखरा २१ को मट्टिखान नजिक गिङ्कुको भिरबाट बस पल्टदा मृत्यु भएकोमा ५ दिन पछि सहमती भए पश्चात उहाँका आफन्तले शव बुझ्नु भएको हो ।

आमा र छोराको पोखराको तुल्सीघाटमा शुक्रबार अन्तिम दाहसंस्कार समेत गरिएको छ । उहाँको परिवारलाई विद्यालय सहित पोखरा २१ ले समेत आवश्यक सहयोग गर्ने भएको पोखरा २१ का वडा अध्यक्ष दिपक प्रसाद सुवेदीले बताउनु भयो । बिद्यालयले उक्त परिवारलाई बिमाको रकम ५/५ लाख गरी १० लाख, कृयाखर्च १ लाख र थप ७/७ लाख रुपैया दिने अर्को छोरालाई बिद्यालयमा निःशुल्क पढाउने र उहाँका श्रीमानलाई समेत रोजगार दिने सहमति भएको श्रोतले जनाएको छ । त्यसैगरी उहाँको परिवार गरिब परिवारको भएको हुदा एनप्याव्सन कास्कीले समेत थप ३ लाख रुपैया आर्थिक सहयोग गर्ने भएको छ ।

साउन १४ गते मट्टिखान नजिक गिङ्कुको भिरबाट पल्टना पुग्दा बिद्यालयकी कर्मचारी पोखरा २१ रामदीकी ३३ बर्षकी आरती विक र उहाँको ६ बर्षको छोरा प्रिन्स बि.क.को उपचारकै क्रममा मृत्यु भएको थियो । उहाँहरुको शव पोष्टमाटमको लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएको थियो ।

बस चालक पोखरा १७ का ५५ बर्षका टेक बहादुर भुजेल सहित उक्त दुर्घटनामा परी २८ जना घाइते हुनु भएकोमा हालसम्म १७ जनाको डिस्चार्ज भएको छ भने ११ जनाको अझै उपचार भई रहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ । ग १ क ६२१९ नम्बरको बस पल्टन साथ उनीहरुको प्रहरी र स्थानियको सहायताबाट घाइतेहरुको उद्धार गरिएको थियो । उक्त बस दुर्घटनाको कारण पत्ता लगाउन पोखरा महानगरपालिकाले छानविन समिति गठन गरेको छ । महानगरका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यको संयोजकत्वमा समिति गठन गरिएको हो । समितिमा महानगरका उपसचिव कृष्णप्रसाद तिवारी, महानगरीय प्रहरी बलका प्रमुख पुरुषोत्तम थापा र मेकानिकल इन्जिनियर सरोज चालिसे सदस्य रहनुभएको छ । समितिको सदस्य सचिवमा शिक्षा अधिकृत राम प्रसाद तिवारीलाई तोकिएको छ । समितिलाई दुर्घटनाको कारण, सवारी साधन, चालकको अवस्था, बसमा सवार विद्यार्थीहरूको सख्या, विद्यार्थी राख्न पाउने सख्या लगायत विषयमा छानबिन गरी सात दिनभित्र प्रतिवेदनपेसगर्नकार्यादेशदिइएको महानगरका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापाले बताउनुभयो ।

## पोखरामा अन्तराष्ट्रिय वेलुन फेष्टिभल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

पोखरामा हालसम्मकै ठुलो रकम ६ करोड ५० लाखको बजेटमा अन्तराष्ट्रिय वेलुन फेष्टिभल हुने भएको छ ।

वेलुन नेपाल प्रा.लि.ले पोखराको बाम्दी क्षेत्रमा आउदो पुष दोश्रो साता देखि सरकारी तथा गैरसरकारी विभिन्न संघ संस्थाहरुको समन्वय तथा सहयोगमा उक्त बजेट खर्च गर्ने गरी नेपालमै पहिलो पटक अन्तराष्ट्रिय वेलुन फेष्टिभल आयोजना गर्न लागेको विहिबार पोखरामा आयोजित छलफल कार्यक्रममा जानकारी गराइएको हो ।

पोखरामा सहासिक खेल पर्यटनको प्रबर्द्धन गर्ने उद्धेश्यले उक्त कार्यक्रम आयोजना गर्न लागिएको बेलुन नेपाल प्रा.लि.का अध्यक्ष बिक्रम वाडेले विहिबार बेलुका पोखरामा आयोजित छलफल कार्यक्रममा बताउनु भएको हो । उहाँका अनुसार आउँदो पुष १४ देखि १८ गते (डिसेम्बर २९, २०२४ देखी जनवरी २, २०२५) सम्म आयोजना गर्न लागेको उक्त फेष्टिभलमा विश्वको विभिन्न देश वाट करिब २० देखी २५ वटा वेलुन निर्यात गरी वेलुन फेस्टिभल गर्न लागेको हो । उक्त कार्यक्रममा बोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले ६ करोड भन्दा बढीको बजेटमा आयोजना हुने उक्त फेष्टिभलले सो रकम कसरी संकलन गरिन्छ प्रश्न गर्दै खर्च पारदर्शी गर्न आग्रह गर्नु भयो । बिमा सहित सुरक्षामा विशेष ध्यान दिन आयोजकलाई उहाँको सुझाव थियो । पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले उक्त कार्यक्रम नेपालको लागि ऐतिहासिक कार्यक्रम हुने दाबी गर्नु भयो । पर्यटन बोर्ड तर्फ लक्षित गर्दै उहाँले पर्यटन प्रबर्द्धनमा उचित बजेट विनियोजन गर्न माग गर्नु भयो । पोखरा पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त कार्यालय प्रमुख नवीन पोखरेलले उक्त फेष्टिभलले थप पोखरामा एक दिनको पर्यटनको बसाई अविध लम्वाउने दाबी गर्नु भयो । पोखरामा पर्यटनका सम्भाव्यताको खोजी गर्न उक्त कार्यक्रमले टेवा पुग्ने उहाँको भनाई थियो । पोखरा अन्तर ष्ट्रिय विमानस्थलका प्रबन्धक योगेन्द्र कुवंरले उक्त कार्यक्रमका अवधि हवाई उडानलाई सुरक्षित पार्न कटिबद्ध रहेको बताउनु भयो । लौरूकदेखि चंखपुरसम्म वेलुन उडानको मान्यता दिएको उहाँको भनाई थियो । पोखरा ६ का वडा अध्यक्ष बिष्णुबहादुर भट्टराईले पर्यटन व्यावसाय खस्केको अबस्थामा यस कार्यक्रमले पर्यटन प्रबर्द्धन हुने बताउनु भयो । वेलुन नेपालका संचालक सविन महर्जनले पोखरामा यस्ता खेलको धेरै सम्भावना भएको कारण पोखरामा आयोजना गर्ने गरी तयारी गरेको बताउनु भयो । ईभेन्ट म्यानेजर प्रतीक्षा डंगोलले हर्ट एयर वेलुन पोखरामा धेरै सम्भावना रहेको बताउनु भयो । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले उक्त कार्यक्रमको व्यपक रुपमा प्रचार प्रसार गर्न सुझाव दिनु भयो । कार्यक्रममा रेवान पोखराका अध्यक्ष विश्वराज पौडेल, टान गण्डकीका अध्यक्ष धर्मराज पन्थी, अग्रज पर्यटन व्यवसायी गणेश बहादुर भट्टराई, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, पत्रकार सन्देश श्रेष्ठ लगायतले पोखरामा कुनै पनि ठुला मेला महोत्सव एकै मितिमा नपार्न सुझाव दिदै यस्ता कार्यक्रम पोखरा क्षेत्रको प्रबर्द्धनमा आवश्यक भएकोमा जोड दिनु भएको थियो ।

नेपाल पर्यटन बोर्ड, संस्कृति, पर्यटन नागरिक उड्डयन मन्त्रालय, गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपाल नागरिक उड्डयन प्राधिकरण, पोखरा पर्यटन परिषद लगायतका संघ संस्थाहरुको साथ र सहयोग हुने अध्यक्ष वाडेले पोखरापत्रलाई बताउनु भयो । पोखरामा हुदै आएको पोखरा सडक महोत्सवको अवसरमा हुने उक्त कार्यक्रमले कुनै थप पर्यटक प्रबर्द्धमा टेवा पुग्ने दाबी गर्दै अध्यक्ष वाडेले यदि मिति सार्नु परे त्यसमा आफुहरु तयार रहेको वचन दिनु भयो ।

## लोकतन्त्र, मानव अधिकार र कानूनी शासन एक अर्काका परिपूरक: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले लोकतन्त्र, मानव अधिकार र कानूनी शासन एक अर्काका परिपूरक रहेको बताउनुभएको छ ।

मानव अधिकारको विषय सामान्य जस्तो लाग्ने तर अत्यन्त गम्भिर विषय रहेको बताउँदै भट्टले यसको पालनका लागि सबै पक्ष उत्तिकै जिम्मेवार रहनुपर्ने बताउनुभयो । राष्ट्रिय मानवअधिकार आयोग, गण्डकी प्रदेश कार्यालय पोखराले प्रकाशन गरेको प्रदेश कार्यालयको वार्षिक गतिविधि पुस्तिका-२०८०/८१ ग्रहण गर्दै प्रदेश प्रमुख भट्टले आयोगले मानव अधिकारको सम्मान र संरक्षणमा स्थापना कालदेखि नै महत्वपूर्ण भूमिका सम्पादन गर्दै आइरहेकोमा खुशी व्यक्त गर्नुभयो । राष्ट्रिय मानव अधिकार कार्यालय पोखराका प्रमुख प्रमुख नितु गड्तौलाले प्रदेश प्रमुख भट्टलाई वर्ष पुस्तक हस्तान्तरण गर्नुभयो । टोलीले कार्यालयको प्रतिवेदन हस्तान्तरणका साथै मानव अधिकारको समसामयिक अवस्थाका बारेमा जानकारी पनि गराएको थियो । 'मानव अधिकार सबैको लागि हो । तर, विशेष रुपले आवाजविहिन र सीमान्तकृत समुदायको लागि मानव अधिकारको मुद्दाले खास अर्थ राख्दछ । अब हाम्रो मुख्य ध्यान यसै दिशामा केन्द्रित हुनुपर्छ ।' - प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'मानव अधिकार उल्लंघन सूचकांकमा गण्डकी प्रदेश मध्यम स्थानतिर छ । तर, यस्ता घटना हुनै नदिनेतर्फ हामी सजग हुनुपर्नेछ ।' उहाँले राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता र स्वायत्ततालाई कतैबाट आँच आउन नदिन सरकार सदैव प्रतिवद्ध रहनुपर्ने भन्दै आयोगलाई भौतिक, साधन र आवश्यक पर्ने बजेट बिनियोजनमा ध्यान दिनुपर्ने पनि बताउनुभयो । राष्ट्रिय मानव अधिकार आयोग जस्ता आयोगको सिफारिसहरु कार्यान्वयन गर्न प्रतिवद्ध रहनुपर्नेमा पनि भट्टले जोड दिनुभयो । आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार हनन गर्न नहुने उहाँको भनाई छ । टोलीमा मानव अधिकार अधिकृत टंकप्रसाद खनाल र सरोज गौली, लेखा अधिकृत मुक्तिराम सुवेदी, नायव सुब्बा मुकेश घिमिरेलगायत सहभागी हुनुहुन्थ्यो ।

## पोखरा महानगरद्वारा रासायनिक मलको मूल्य निर्धारण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

पोखरा महानगरपालिकाले चालु आर्थिक वर्षका लागि रासायनिक मलको मूल्य निर्धारण गरेको छ । महानगरपालिका मल वितरण व्यवस्थापन समितिको आजको बैठकले नेपाल सरकारले अनुदानमा उपलब्ध गराउने मलको मूल्य निर्धारण गरेको हो ।

मल वितरण व्यवस्थापन समितिका संयोजकसमेत रहनुभएका महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङको अध्यक्षतामा बसेको बैठकले युरिया, डिएपी र पोटासको मूल्य तोकेको महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । मल डिपोदेखि बिक्री केन्द्रको दूरीका आधारमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कक्षा १२ को नतिजा प्रकाशन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले शुक्रबार कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ । आजै बसेको बोर्ड बैठकले आफ्नो वेबसाइटमार्फत नतिजा सार्वजनिक गरेको हो ।

बोर्डका अध्यक्ष डा महाश्रम शर्माले यस वर्ष कक्षा १२ मा ५२ दशमलव ९१ प्रतिशत विद्यार्थी ग्रेडेड अर्थात् उत्तीर्ण भएको बताउनुभयो। यस वर्षको नतिजामा गत वर्षको तुलनामा तीन प्रतिशत वृद्धि भएको उहाँले जानकारी दिनुभयो। बोर्डका अनुसार गत वैशाख १४ गतेदेखि सञ्चालन भई २६ गते सम्पन्न परीक्षामा नियमिततर्फ एक लाख ९३ हजार नौ सय ३३ छात्र र एक लाख ९६ हजार नौ सय १४ छात्रागरी कूल तीन लाख ९० हजार आठ सय ६८ परीक्षार्थी सहभागी थिए। त्यसमध्ये दुई लाख तीन हजार आठ सय ४७ विद्यार्थी उत्तीर्ण भएको बोर्डले जनाएको छ।

परीक्षामा तीन दशमलव ६१ देखि चार जिपिए ल्याउने विद्यार्थीको सङ्ख्या नौ हजार पाँच सय ९१ रहेको छ। जसमा बागमती प्रदेशबाट छ हजार सात सय ५२ विद्यार्थी छन् । कर्णाली प्रदेशमा सबैभन्दा कम २४ जना विद्यार्थीले मात्रै उक्त जिपिए ल्याएका छन् । त्यसैगरी ४६ हजार आठ सय ९३ विद्यार्थीले तीन दशमलव २१ देखि तीन दशमलव ६० सम्म जिपिए र ७८ हजार ७५ विद्यार्थीले दुई दशमलव ८१ देखि तीन दशमलव २० सम्म जिपिए ल्याएका छन् । परीक्षामा एक लाख ८७ हजार २१ जना अनुत्तीर्ण अर्थात् ४७ दशमलव ०९ प्रतिशत विद्यार्थीको नतिजामा ननग्रेडिङ आएको छ । बोर्डका अनुसार पाँच हजार छ सय ३२ परीक्षार्थीले कुनै पनि विषयको परीक्षा दिएनन् भने एक सय दुई विद्यार्थीको परीक्षा रद्द गरिएको छ। ग्रेड वृद्धितर्फ विसं २०७८ र ०७९ का २८ दशमलव २६ प्रतिशत र विसं २०७६ र ०७७ का ६२ दशमलव ०५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिनुभयो। यसअघि विसं २०७८ को नतिजामा ४६ दशमलव ०४ प्रतिशत र विसं २०७९ को नतिजामा ५१ दशमलव ९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । बोर्डले लेटर ग्रेडिङ निर्देशिका-२०७८ अनुसार सञ्चालन गरेको परीक्षाको नतिजाअनुसार प्रत्येक विषयमा सैद्धान्तिकतर्फ कम्तीमा ३५ प्रतिशत अङ्क नल्याएमा विद्यार्थीको नतिजा एनजी अर्थात अनुत्तीर्ण आउँछ।

# अरिङ्गालले टोकेर युवकको मृत्यु

**रासस**
काठमाडौं १ साउन

गुल्मीमा अरिङ्गालले टोकेर एक युवकको मृत्यु भएको छ । अरिङ्गालले टोकेर रुरुक्षेत्र गाउँपालिका(२ यादुङ्का ३५ वर्षीय हरि कुँवरको आज मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामकुमार केसीका अनुसार बिहीबार राति घर नजिकै बारीको छेउमा सालको रुखमा रहेको अरिङ्गालको गोलो पोल्ने क्रममा कुँवरलाई टोकेको हो । अरिङ्गालले टोकेर गम्भीर घाइते भएका उनलाई उपचारका लागि पाल्पास्थित मिसन अस्पताल लगिएको थियो। उनको उपचारको क्रममा आज मृत्यु भएको प्रहरी निरीक्षक केसीले बताउनुभयो।



फेवातालः सराङकोटबाट लिएको फेवाताल र आसपासको क्षेत्र। पर्यटकीय राजधानी पोखरामा रहेको यो ताल आन्तरिक तथा वाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ। तस्बिरः डम्मर बुढामगर/रासस

# चितुवाको आक्रमणबाट तनहुँमा १४ बालबालिकाको मृत्यु

**रासस**
काठमाडौ, १८ साउन

पछिल्लो छ वर्षको अवधिमा तनहुँमा चितुवाको आक्रमणबाट १४ जना बालबालिकाको मृत्यु भएको छ ।

गत साउन ३ गते राति बन्दीपुर गाउँपालिका-५ फलामडाँडामा चितुवाको आक्रमणबाट १३ वर्षीय बालकको मृत्यु भएसँगै चितुवाको आक्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या १४ पुगेको हो । घर नजिकै बसेका बेला राति चितुवाको आक्रमणबाट १३ वर्षीय सुन्दर अछामीको मृत्यु भएको थियो । चितुवाको आक्रमणबाट घाइते उनलाई बन्दीपुर अस्पताल लैजाँदै गर्दा मृत्यु भएको थियो ।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले डेढ वर्षपछि बन्दीपुरमा पुनः चितुवा आक्रमण भएकाले स्थानीयवासी त्रसित बनेको बताउनुभयो । उहाँले भन्नुभयो, "पछिल्लो समय चितुवा आतङ्क थिएन, डेढ वर्षपछि पुनःआक्रमण भएर बच्चाको मृत्यु भयो । स्थानीयवासी त्रसित छन् ।" साँझ र रातिका बेला बालबालिकालाई एक्लै नछाड्न र घरबाहिर ननिस्किन सचेत गराइएको थापाको भनाइ छ।

डभिजन वन कार्यालय तनहुँका अनुसार चितुवाको आक्रमणबाट विसं २०७४ फागुन १ गते भानु नगरपालिका-३ दोरदोरका ६ वर्षीय विशाल श्रेष्ठ, विसं २०७५ कात्तिक २९ गते भानु नगरपालिका-४ जोखानेका ४ वर्षीया रन्जिता लम्साल, मङ्सिर १५ गते भानु नगरपालिका-२ ढल्केवरका १० वर्षीय अमृत गुरुङ, विसं २०७६ जेठ २४ गते भानु नगरपालिका-२ भकुण्डथोक निवासी नौ वर्षीया पुष्पा अधिकारी, असोज २१ गते भानु नगरपालिका-१ जामुनेगैह्राका चार वर्षीय आशिष बानियाँ र भानु नगरपालिका-२ फुम्रेटारमा सात वर्षीय ऋतिक रोकाको मृत्यु भएको थियो ।

त्यस्तै विसं २०७६ पुस १४ गते शुक्लागण्डकी नगरपालिका-३ रातमाटाका २२ महिनाका बालक रविन नेपाली, पुस २० गते आँबुखैरेनी गाउँपालिका-१ रानागाउँका ८ वर्षीय पुजन सिंजाली, माघ १३ गते बन्दीपुर गाउँपालिका-४ लोहीपाखाका १० वर्षीय इशक सुनार, विसं २०७७ साउन २२ गते शुक्लागण्डकी नगरपालिका-२ का डेढ वर्षीय नारायण रानाको चितुवाको आक्रमण मृत्यु भएको सहायक वन अधिकृत काशीराज पण्डितले जानकारी दिनुभयो ।

यसैगरी विसं २०७९ जेठ ३१ गते बन्दीपुर गाउँपालिका-१ बोडीस्वाँराका पाँच वर्षीय सुपिम्र बगाले मगर, कात्तिक ४ गते बन्दीपुर गाउँपालिका-३ सिस्नेघारीमा ११ वर्षीय विना चेपाङ र कात्तिक १५ व्यास नगरपालिका-१२ छिर्कनेमा पाँच वर्षीय अरविन कुँवरको मृत्यु भएको छ।

चितुवाको आक्रमणबाट व्यास नगरपालिका, भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिकामा बालबालिकाको मृत्यु भएको छ ।

मृग, वन कुखुरालगायत वन्यजन्तु मानिसले शिकार गरिदिँदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको सहायक वन अधिकृत पण्डितको भनाइ छ । चितुवाको आक्रमणबाट मृत्यु भएका प्रत्येकका परिवारलाई रु १० लाख राहत उपलब्ध गराउने प्रावधान रहेको छ । चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन, एक्लै नहिँड्न आग्रह गरिएको छ । चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउने, झाडी सफा गर्ने तथा बच्चा तथा वृद्धहरुको विशेष ख्याल र रेखदेख गर्न उहाँले आग्रह गर्नुभएको छ ।

# सामाजिक सुरक्षामा सामुहिक प्रयास आवश्यक

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

समाजमा शान्ति सुरक्षाको प्रत्याभूतिका लागि सवै पक्षको सामुहिक प्रयास हुनु पर्नेमा यहाँ आयोजित एक कार्यक्रमका सहभागिले जोड दिइएको छन् ।

पर्यटकीय राजधानी पोखरास्थित वडा प्रहरी कार्यालय बैदामद्धारा आयोजित छलफल कार्यक्रमका सहभागिले सुरक्षाको विषयमा सामुहिक जिम्मेवारी र दायित्व भएकोमा जोड दिएका हुन। कार्यक्रममा सहभागिहरुले यस क्षेत्रमा दिनप्रतिदिन बढेको चोरी, लागुपदार्थ सेवन तथा बिक्री वितरण लगायत विभिन्न खाले विकृति विसंगती नियन्त्रणमा प्रहरीले गर्ने प्रत्येक अभियानमा स्थानीय स्तरबाट सहयोग गर्ने प्रतिवद्धता जनाए । वडा प्रहरी कार्यालय बैदाममा हालै जिम्मेवारी लिएर आउनु भएका प्रहरी नायव उपरिक्षक (डिएसपी) सन्तोष निरौलाले यस क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूती हुने गरि काम गर्ने विश्वास व्यक्त गर्नुभयो। कानूनी मान्यता र अधिकारका आधारमा सर्वसाधारणलाई शान्ति सुरक्षाको प्रत्याभूति दिने गरि काम गर्ने प्रतिवद्धता जनाउँदै उहाँले त्यसका लागि समुदायसंगको सहकार्यको आवश्यकता औल्याउनुभयो । कार्यक्रममा वडा प्रहरी बैदाम कार्यक्षत्र अन्तर्गतका पोखराका ११ वडाका जनप्रतिनिधि, राजनैतिक दल, टोल विकास संस्थाका अध्यक्ष एवम् प्रतिनिधिहरुले सहभागिता रहेको थियो । प्रहरी निरीक्षक कमल पोखरेलले स्थानीयको सुझावका आधारा शान्ति सुरक्षामा सहकार्य गर्ने उदेश्यका साथ कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो। आगामी दिनमा सुझावका लागि पर्यटन व्यवसायी,उद्योगी, सञ्चारकर्मीसंग छलफल कार्यक्रम गरिने तयारी गरिएको उहाँको भनाई छ।

# पोखरा...

युरिया प्रतिकिलो १९ रुपैयाँ ४५ पैसादेखि २१ रुपैयाँ पाँच पैसासम्म निर्धारण गरिएको छ । डिएपीको प्रतिकिलो ४८ रुपैयाँ ४५ पैसादेखि ५० रुपैयाँ पाँच पैसा र पोटासको मूल्य ३६ रुपैयाँ ४५ पैसादेखि ३८ रुपैयाँ पाँच पैसासम्म तोकिएको छ।

मल बिक्रेताले प्लास्टिक झोलाको मूल्य प्रतिकिलो बढीमा रु दुई थप लिनसक्ने निर्णय गरेको छ।

पोखरा महानगर कृषि शाखामा सूचीकृत तथा बिक्री वितरण गर्न छनोट भएका २६ वटा वडाका ६५ केन्द्रबाट मल बिक्री वितरण भइरहेको छ। मल बिक्री वितरणका लागि गत आव २०८०/८१ मा मल बिक्रेताले बिक्री गरेका आधारमा कोटा निर्धारण गरिएको प्रमुख कडरियाले बताउनुभयो।

सूचीकृत बिक्रेतालाई मलको कोटा निर्धारण गरिएको र महानगरले तोकेकै मूल्यमा सहज रूपमा किसानलाई उपलब्ध गराउनसमेत अनुरोध गरिएको छ। सहज र सुपथ मूल्यमा मल बिक्री गरे/नगरेको अनुगमन गरिने पोखरा महानगरका उपप्रमुख गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "महानगरमा सूचीकृत बिक्रेतालाई मलको कोटा निर्धारण गरिएको छ। किसानलाई तोकिएकै मूल्यमा सहज रूपमा मल उपलब्ध हुनुपर्छ।

अघिल्ला वर्षहरूमा पनि हामीले नियमित अनुगमन गरेका थियौँ, यो वर्ष पनि त्यसलाई निरन्तरतादिन्छौँ।"महानगरकाप्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापाले अनुदानको मल बढी मूल्यमा बिक्री गर्नेलाई कारबाही गरिने बताउनुभयो । कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख किरण सिग्देलले युरिया, डिएपीको तुलनामा पोटासको खपत कम भएको जानकारी दिनुभयो।

उहाँले रासायनिक मलको अनुपात विश्लेषण गर्दा पोटासको प्रयोग कम भएको बताउनुभयो । उहाँका अनुसार यसबारेमा किसानलाई सचेतना अभिवृद्धिको खाँचो छ।

पोखरा महानगरमा गत आवमा युरिया एक हजार दुई सय २१ मेट्रिक टन, डिएपी छ सय ४५ मेट्रिक टन र पोटास ९८ दशमलव ९५ मेट्रिक टन गरी कूल एक हजार नौ सय ६५ दशमलव दुई मेट्रिक टन खपत भएको महानगरले जनाएको छ।

# एक-अर्काको ...

गर्नुभयो । न्यायाधीशको नियुक्तिमा संसदीय सुनुवाइको व्यवस्था हटाउन गरिएको मागका सम्बन्धमा प्रधानमन्त्री ओलीले सुनुवाइको व्यवस्था आवश्यक भएरै संविधानमा राखिएकाले त्यस्तो मागमा पुनःविचार गर्न आग्रह गर्नुभयो । संवैधानिक परिषद्को सदस्यमा प्रधानन्यायाशीश रहने र परिषद्का निर्णयमाथि संवैधानिक इजलाशमा मुद्दा पर्दा प्रधानन्यायाधीशकै नेतृत्वमा सुनुवाइ हुने विरोधाभाष अन्त्य हुनुपर्ने बारको मागमा प्रधानमन्त्री ओलीले त्यसमा छलफल गर्न सकिने जनाउनुभयो । संवैधानिक इजलाशमा जे पायो त्यही नभएर संविधानसँग बाझिएका मुद्दाहरू मात्रै पुग्नुपर्नेमा पनि प्रधानमन्त्री ओलीको जोड थियो । भेटमा महान्यायाधिवक्ता रमेश बडाल, नेपाल सरकारका मुख्यसचिव लीलादेवी गड्तौला, पूर्वसांसद् रामनारायण विडारीलगायत उपस्थित हुनुहुन्थ्यो ।

**पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं**

◆ पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।

◆ खानेपानीको मुहान तथा स्रोतमा गाईबस्तु चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी बार लगाऔं।

◆ पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समय-समयमा सफा गरौं।

◆ पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# प्रजिअ नेपाल र पत्रकारहरुबीच अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १८ साउन

स्याङ्जाका प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल र जिल्लामा क्रियाशील पत्रकार हरुबीच अन्तरक्रिया गरिएको छ। जिल्ला प्रशासन कार्यालय स्याङ्जामा शुक्रबार भएको अन्तरक्रिया कार्यक्रममा जिल्ला प्रशासन कार्यालयद्वारा हालसम्म भएका कार्य प्रगतिकाबारेमा पत्रकारहरुलाई जानकारी दिईएको थियो।

कार्यक्रममा प्रजिअ नेपालले प्रशासन कार्यालयले दिने सेवा सुविधा तथा पछिल्लो समयमा सार्वजनिक जग्गा संरक्षणका विषयमा जानकारी गराएकी थिइन् । सार्वजनिक जग्गाको संरक्षणलाई प्रशासनले उपलब्धीमुलक कार्यका रुपमा लिएको प्रजिअ नेपालले दावी गरिन् ।

पत्रकारहरु सगँ कुरा गर्दै प्रजिअ नेपालले पब्लिकले दुःख पाउन हुदैन भन्ने उदेश्य राखेर सेवा प्रवाहमा ध्यान दिदै आएको बताइन् । बजार अनुगमन, प्राकृतिक विपदको तत्काल उद्धार र राहतको व्यवस्थापन, सडक अनुगमन लगायत दैनिक प्रशासनले गर्दै आएको सेवाप्रवाहमा प्रशासनले कुनै कसुर बाँकी नराखेर काम गरेको जानकारी दिइन् ।

हामी अनलाईनबाटै नागरिकता दिने अन्तिम तयारीमा छौं प्रजिअ नेपालले भनिन्,' पालिकाहरुको वडातहमा तयारी नपुग्दा अलि ढिला भएको छ ।' सबै पालिकाले वडातहबाट अनलाईन मार्फत नागरिकता माग फारम पठाएमा प्रशासन नागरिकता दिन तयारी अवस्थामा छ उनले भनिन् ।

अब नागरिकलाई प्रविधिमा जोडेर सेवा प्रवाह गर्नुपर्ने सुझाव प्रजिअको छ । यसमा स्थानीयतहले चासो दिनु आवश्यक रहेको उनले बताइन् ।

सेवा प्रवाहमा प्रक्रियागत पुगेको काममा ढिलाई भएमा प्रशासनमा जानकारी गराउन समेत प्रजिअ नेपालले पत्रकार हरुलाई आग्रह गरिन् । प्रशासनले बेला/बेलामा स्थानीयतहका प्रमुख र प्रशासकीयहरु सगँ अन्तरक्रिया गर्ने, उद्योगी व्यवसायी, यातायात व्यवसायी, औषधी व्यवसायी लगायत नागरिकसगँ जोडिएका सरोकारवाला निकायहरु सगँ अन्तरक्रिया गरी नागरिकको सेवा सुविधामा ध्यानाकर्षण गराएको सहायक प्रजिअ तथा सूचना अधिकारी दीपक पौडेलले जानकारी दिए। असार २१ र २२ गते आएको अविरल बर्षाद्का कारण आएको बाढी पहिरोले जिल्लाभर पुऱ्याएको क्षतीको विवरण संकलन गर्ने कार्य जारी रहेको र बाढी पहिरोमा ज्यान गुमाएका परिवारलाई प्रशासनले तत्काल राहत उपलब्ध गराएको जानकारी पौडेलले दिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देल, निवर्तमान अध्यक्ष ओमप्रकाश शर्मा, पूर्व अध्यक्ष प्रकाश डोटेल लगायतले आगामी दिनमा पनि भेटघाट तथा अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिदै नागरिकलाई थप सुसूचित बनाउने सन्दर्भमा छलफल भएको थियो ।

# सुन्तलामा कत्लेकीराको प्रकोप बढेसँगै कास्कीका किसान चिन्तित

**हरिप्रसाद बास्तोला**
पोखरा, १८ साउन

कत्लेकीराकाप्रकोपबाटरोगउत्पन्न भई सुन्तलाको बगैँचा कालम्मे भई फल्न छोडेपछि कास्कीका किसान चिन्तित छन् । 'सिक्टर ग्रिनिङ रोग'का कारण करिब डेढ दशकयता सखापोउन्मुख अवस्थामा रहेको कास्कीको सुन्तलामा पछिल्लो समय कत्लेरोगको प्रकोप बढेको देखिन्छ । स्थानीय कृस्ती नाच्नेचौरका सुन्तलाका बगान यतिखेर कत्लेकीराको प्रकोपबाट कालम्मे भई कुरूप देखिएको छ ।

पोखरा महानगरपालिका-२१ काफलबोटेस्थित सुन्तलाको बगैँचामा पहिलोपटक देखिएको कत्लेकीराको प्रकोप यतिखेर आसपासको क्षेत्रमा पनि फैलिँदै उत्पादन घट्न थालेपछि चिन्तित हुनुपरेको स्थानीय सुन्तला कृषक नारायण सुवेदी बताउनुहुन्छ ।

सुन्तला कृषक सुवेदीले भन्नुभयो, "विगतमा एकाध बोटमा ध्वाँसे रोग देखिए पनि खासै असर गर्दैनथ्यो तर यसपटक भने एकाएक सुन्तला बगैँचा नै कालम्मे भई बोटबिरुवा बढ्नेक्रम रोकिएको छ । अब के फल लाग्ला अनि कति खान र बेच्न पाइएल ?"

सुन्तला बिक्रीबाट परिवार पाली बर्सेनि केही रकम जोहो गर्दै आएका कास्कीको काफलबोटे र कृस्ती नाच्नेचौरसहित आसपालका किसानलाई ध्वाँसे रोगको प्रकोपबाट गाउँठाउँ छोड्नपर्ने अवस्था सिर्जना भएको स्थानीय किसान बताउँछन् ।

अघिल्लो वर्ष फूल खेल्ने समयमा आएको असिनाले चाख्ने सुन्तला पनि थिएन बोटसमेत मर्छ किजस्तो लागेको थियो कृषि कर्ममा संलग्न सुवेदीले भन्नुभयो, "बोट पलाएर आयो तर यस वर्ष फल पनि राम्रो लागेको थियो नसोचेको रोगले बगैँचा नै सखाप पाऱ्यो । मौसम राम्रो हुँदा रु आठदेखि १० लाखसम्म सुन्तला बिक्रीबाट आम्दानी हुन्थ्यो, अब सबै खत्तम हुने भयो ।" पोखरा महानगरपालिकाका लेखा अधिकृतको भूमिकामा रहनुभएका कृषक सुवेदीले भन्नुभयो, "बगैँचा पूरै कालै देखिएपछि महानगर कृषि महाशाखाबाट प्राविधिकसहितको टोलीले गरेको अनुगमनका आधारमा दिइएको सल्लाहअनुसार एक हप्ताअघि 'रोवर' र 'फोसिल' नामक औषधिलाई पानीमा मिसाएर सुन्तलाको प्रत्येक बोटमा राखिएको छ ।"

उहाँले यस वर्ष पनि बगैँचाको खाली रहेको स्थानमा ६७ वटा सुन्तलाका नयाँ बिरुवा लगाउनुभएको छ । उक्त नयाँ बिरुवामा पनि रोगको प्रकोप देखिएको छ । बगैँचामा औषधिको प्रभाव देखिएको छैन । काफलबोटेस्थित करिब दुई सय ५० रोपनी क्षेत्रफल भएको सुन्तला बगैँचामा देखिएको सो रोग अहिले अन्य स्थानमा पनि फैलिएको स्थानीय किसान विष्णुप्रसाद सुवेदी र नवराज सुवेदी बताउनुहुन्छ । छिमेकको सुन्तला बगैँचामा ध्वाँसे रोग देखिएपछि तीन दिनसम्म लगाएर उपचारमा खटिएको बताउँदै उहाँहरूले भन्नुभयो, "केही दिनपछि त हामीहरूको बगैँचा पनि कालै देखिन थाल्यो, एक हप्ताअघि राखिएको औषधिको प्रभाव देखिएको छैन, ध्वाँसे रोगको समस्याले किसानलाई सताएको अवस्था छ ।" कीराले सुन्तलाका पात, डाँठ, मुना र फलबाट रस चुस्ने गर्दछन्, जसका कारण बिरुवा बढ्न सक्दैनन् । साना बिरुवामा यस्ता कीराले धेरै क्षति पुऱ्याउँछन् । नरम शरीर भएका कत्लेकीराले आफ्नो शरीरबाट महजस्तो गुलियो पदार्थ निकाल्ने हुँदा रोगको प्रकोप बढ्ने गरेको महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार कत्लेकीराले निकालेको गुलियो पदार्थमा कालोढुसीको अत्यधिक वृद्धि भई सुन्तलाको पात, डाँठ र फलमा समेत ध्वाँसोजस्तो पदार्थले ढाक्ने गर्दछ । ध्वाँसोले प्रकाश लिने कार्यमा अवरोध उत्पन्न गरी बिरुवाको खाना बन्ने प्रक्रियामा अवरोध पुऱ्याउने गर्दछ । कत्लेकीराको शरीरको रङ सुन्तलाको बोटको पात तथा बोक्रासँग मिल्दोजुल्दो हुने हुँदा सजिलै चिन्न नसकिने बताउँदै उहाँले भन्नुभयो, "मसिना, गोला तथा चेप्टा राता खैरा रङका कत्लेकीराहरू मैनको ढकनीले ढाकिएर रहने र बोटको हाँगा, मुना, फल सबै भागबाट रस चुसी नोक्सान पुऱ्याउने उद्यत हुन्छन् ।"

पोखरा महानगरपालिकाले सुन्तला पकेट क्षेत्रका रूपमा विस्तार गरी किसानलाई आवश्यक सहयोगसहित वार्षिक रूपमा अनुदान प्रदान गर्दै आएको सो क्षेत्रमा देखिएको कत्लेकीराको प्रकोप बढेसँगै किसान चिन्तित देखिएका छन् । यसरी ध्वाँसे रोगबाट किसान चिन्तित भएको जानकारी पाउनासाथ नियन्त्रण तथा उन्मूलनका पक्षमा काम गरिरहेको महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो ।

पोखरा महानगरपालिका-२१ को कृस्ती, फेदीपाटन, मास्पाटन, वहेली, रामदीलगाय क्षेत्रमा सुन्तलाको उत्पादन राम्रै हुने गरे पनि बेलाबेलामा देखिने रोगजन्य कीराको प्रकोपका साथै फुल्ने तथा कोपिला लाग्ने र फल बिक्री गर्ने समयमा आउने असिनाजस्तो प्राकृतिक प्रकोपले गम्भीर समस्या निम्त्याउने गरेको स्थानीय सुन्तला किसान बताउँछन् ।

'सिक्टर ग्रिनिङ भाइरस'बाट बचेका सुन्तलामा असिनालगायत प्राकृतिक प्रकोप तथा जङ्गली जनावरको आतङ्क झेल्दै आएका किसानले यस वर्ष पहिलोपटक कत्लेकीराको प्रकोप ब्यहोर्नु परेको छ । पोखरा महानगरले सुन्तला पकेट क्षेत्रमा पाँच वर्षदेखि बोट सङ्ख्याका आधारमासुन्तलाकिसानलाईअनुदान सहयोग उपलब्ध गराउँदै आएको छ । पोखरा महानगरपालिकाले सुन्तलाखेतीको प्रवर्द्धनका लागि आव २०८९/८१ मा रु २५ लाख अनुदान सहयोग उपलब्ध गराएको थियो ।

# लोपोन्मुख सामग्री संरक्षणका गर्न सङ्ग्रहालय

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ साउन

लोपोन्मुख सामग्रीहरूको संरक्षण गर्दै पर्यटक आकर्षित गर्न म्याग्दीको मङ्गला गाउँपालिका-२ बाबियाचौरमा सङ्ग्रहालय स्थापना भएको छ। गाउँपालिकाको केन्द्र समेत रहेको बाबियाचौरस्थित मङ्ग्रला इन्द्रेणी पार्क (उद्यान) परिसरको भवनमा सङ्ग्रहालय स्थापना गरिएको हो। लोप हुन लागेका सामग्रीको संरक्षण, उद्यानको आकर्षण बढाउने र पर्यटन प्रवर्द्धन गर्न सङ्ग्रहालय स्थापना गरिएको मङ्गला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवकुमार पौडेलले बताउनुभयो।

"दुईतले भवनको माथिल्लो तलामा सजावट गरेर तयार पारिएको सङ्ग्रहालयमा गाउँपालिकाभित्र बसोबास गर्ने सबै जातजातिको जीवनशैली, रहनसहन, वेशभूषा झल्कने सामग्रीहरू सङ्कलन गर्न थालिएको छ," उहाँले भन्नुभयो "गत आर्थिक वर्षमा विनियोजन भएको रु १० लाख खर्चेर सङ्ग्रहालयका बनाइएको कोठामा सजावट र सामान राख्ने ठाउँ बनाएका छौँ।"

सङ्ग्रहालयमा राख्नका लागि परम्परागत सामग्री, पोसाक, हातहतियार, भाँडा, गहना, पुस्तक, धातुका सिक्कालगायत सामग्री सङ्कलन गर्न थालिएको हो । बाबियाचौर घर भई हाल काठमाडौँ बस्दै आएका इन्द्रबहादुर अधिकारीले उपलब्ध गराएको चार रोपनी, गाउँपालिका र मङ्गला युवा क्लबले खरिद गरेको १० आना जग्गामा सार्वजनिक शौचालय, सामुदायिक भवनसहितको उद्यान निर्माण भएको थियो।

बालबालिका र ज्येष्ठ नागरिकलाई लक्षित गरेर उद्यान बनाउन गाउँपालिका, गण्डकी प्रदेश र समुदायको रु एक करोडभन्दा बढी लगानी भएको छ । गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले आफूले जनप्रतिनिधीकोहैसियतमाराज्यबाट पाएको सुविधाबाट उद्यान बनाउन रु एक लाख सहयोग गर्नुभएको छ। विभिन्न प्रजातिका बिरुवा रोपिएको, दुबो बिछ्याइएको, बालबालिका खेल्ने र ज्येष्ठ नागरिक बस्ने सुविधा भएको उद्यान परिसरमा सङ्ग्रहालय भवन रहेको छ। खानेपानी, बाल उद्यान, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, शौचालयलगायत पूर्वाधार रहेको छ । गाउँपालिकाको केन्द्रमा आउने पर्यटकहरूको आकर्षण र स्थानीय बालबालिका, युवायुवती र ज्येष्ठ नागरिकको फुर्सदको समयलाई उचित सदुपयोगका लागि पार्क प्रभावकारी बनेको गाउँपालिकाका अध्यक्ष रोकाले बताउनुभयो।

उद्यानको हेरचाह र व्यवस्थापनका लागि गाउँपालिकाले एकजना कर्मचारी नियुक्त गरेको छ। बाबियाचौर बजारको बायाँ किनारमा म्याग्दी नदी किनारमा बनाइएको उद्यानमा बालबालिकालाई रमाइलो वातावरणमा खेल्ने, भुल्ने र वृद्धवृद्धाहरूलाई टहलिन सजिलो भएको छ।

# तीन दिनपछि सञ्चालनमा आयो कालीगण्डकी कोरिडोर

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ साउन

तीनदिनदेखिअवरुद्धराष्ट्रिय गौरवकोआयोजनाकालीगण्डकी कोरिडोर सञ्चालनमा आएको छ।

मङ्गलबार साँझदेखि परेको भारी वर्षापछि बागलुङ नगरपालिका-१० दब्ल्याङमा खसेको पहिरोको कारण कोरिडोर पूर्णरूपमा अवरुद्ध भएको थियो।

मेसिन र कामदार लगाएर पहिरो पन्छाएपछि करिडोर सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिनुभयो। कोरिडोर अवरुद्ध हुँदा लामा तथा छोटो दुरीका सवारी साधन रोकिएका थिए।

पहिराले सडकको छेउ भाग पूर्णरुपमा बगाउँदा सञ्चालन गर्न लामो समय लागेको यादवले बताउनुभयो । यस क्षेत्रमा ठूलो वर्षा भएसँगै करिडोर बन्द हुँदा सदरमुकामसँग दक्षिण बागलुङको यातायात बिच्छेद हुँदै आएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# केन्द्र सरकारद्वारा राहत रकम प्रदान

**पोखरापत्र संवाददाता**
दमौली, १८ साउन

शुक्लागण्डकी नगरपालिका-७ काउरेमा गत असार २२ गतेको पहिरोमा पुरिएर ज्यान गुमाएका व्यक्तिका परिवारलाई सङ्घ सरकारको तर्फबाट रु छ लाख राहत प्रदान गरिएको छ।

यहाँका तीन परिवारलाई सङ्घ सरकारको तर्फबाट प्रतिमृतक रु दुई लाखका दरले रु छ लाख प्रदान गरिएको हो।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमका अनुसार विपद्बाट ज्यान गुमाउने परिवारलाई रु दुई लाखका दरले राहत रकम प्रदान गर्ने प्रावधानबमोजिम मृतकका परिवारलाई उक्त रकम प्रदान गरिएको हो । गण्डकी प्रदेश सरकारका तर्फबाट पनि मृतकका परिवारलाई रु ५० हजारका दरले राहत रकम प्रदान गरिने उहाँले बताउनुभयो।

पीडित परिवारलाई शुक्लागण्डकी नगरपालिकाले पनि राहतस्वरुप प्रतिमृतक रु ५० हजारका दरले रकम प्रदान गरेको छ।

लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बी १ ले पनि मृतकका परिवारलाई रु २५ हजारका दरले आर्थिक सहयोग गरेको छभने नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) शुक्लागण्डकी नगर कमिटीले रु पाँच हजारका दरले आर्थिक सहयोग गरेको छ।

# जन्मदिनको अवसरमा विद्यार्थीलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

पोखराका ३ जनाले कास्कीको एक विद्यालयका विद्यार्थीलाई आर्थिक सहयोग गर्दै जन्मदिन मनाएका छन्।

एकै मितिमा जन्मदिन परेका नेपाली कांग्रेस कास्कीका नेता कृष्ण केसी, पोखरा महानगरपालिका-२८ का वडाध्यक्ष श्रीकृष्ण लामिछाने र सञ्चारकर्मी महेन्द्र ढुङ्गानाले संयूक्तरुपमा कास्कीको मादी गाउँपालिका-१० मकैखोलास्थित जनकल्याण मा.वि.का ५ जना विद्यार्थीहरुलाई आर्थिक सहयोग गरेका हुन् । साउन १७ गते जन्मदिन रहेका उनीहरुले विद्यालयका विपन्न परिवारका ५ जनालाई आर्थिक सहयोग गरेको पोखरा-२६ स्थित जलधारे टोल विकास संस्थाका अध्यक्ष समेत रहेका सञ्चारकर्मी ढुङ्गानाले जानकारी दिए।

सो अवसरमा बोल्दै नेपाली कांग्रेस कास्कीका पूर्व सभापति समेत रहेका नेता केसीले फजुल खर्च गरेर जन्मदिन मनाउने परिपाटीलाई चिर्दै विगतदेखि आफुहरु ३ जनाले सामाजिक कार्य गर्दै आएको बताए। उनले भने, 'समग्र शिक्षा क्षेत्रमा राज्यले जति पहल गर्नुपर्ने हो त्यो पुरा हुन सकेको छैन् । त्यसको सुधारका लागि सरकारलाई झकझकाउन हामी लागी पर्नेछौं।' कार्यक्रममा वडाध्यक्षलामिछानेलेजन्मदिनकोअवसरमा विद्यालयसँग जोडिएर गरिएको सहयोगलाई आगामी दिनमा निरन्तरता दिने बताए। उनले अन्य संघसंस्थाहरुलाई विद्यालयसँग जोडिन आग्रह गर्ने प्रतिवद्धता व्यक्त गरे । यस्तै सञ्चारकर्मी ढुङ्गानाले पछिल्लो




समय सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा प्रश्न आउने गरेको भन्दै यसको गुणस्तरीयताप्रति सबै क्षेत्रविच गहन छलफल आवश्यक रहेको औंल्याए।

कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक बोधराज बास्तोलाले जन्मदिनको अवसरमा आफ्नो विद्यालयमा गरेको सहयोगप्रति आभार प्रकट गरे । उनले यो सहयोगले विद्यार्थीको पढाईप्रतिको रुची बढ्नुका साथै विचमै पढाई छोड्ने क्रम घटाउनमा सहयोग पुग्नेसमेत विश्वास व्यक्त गरे । कार्यक्रम बिध्यालय ब्यबस्थापन समितिका अध्यक्ष ऋषीराम सुबेदिको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सन्चालन बिध्यालयका सहायक प्रधानध्यापक हरिहर सुवेदी गरेका थिए । कक्षा १२ सम्प पठनपाठन हुँदै आएको सो विद्यालयमा १५० जना विद्यार्थी अध्ययनरत छन्।


## सर्टिफिकेट हराएको सूचना

**म अभिलाषा पौडेलको पोखरा विश्व विद्यालयको माइग्रेसन सर्टिफिकेट, ट्रान्सक्रिप्ट र प्रोभिजनल सर्टिफिकेट हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

Name : Abhilasha Paudel
Registration No: 2016-2-45-0522
Transcrift No : 64079
Exam Roll: 17450551
Date of Birth : 27-12-1998
**सम्पर्क नं.** : 9846520852

# म्याद सकियो, पूरा भएन अस्पताल भवन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

निर्माण व्यवसायीले समयमै काम गरेका भए बागलुङ नगर अस्पताल भवन निर्माण भइसकेर सेवा दिन थाल्थ्यो। पन्ध्र शय्याको बागलुङ नगर अस्पताल बागलुङ नगरपालिका-१३ पैँयुपाटामा निर्माणधीन छ। २०८० असार २० गते निर्माण सकेर हस्तान्तरण गर्नेगरी अस्पताल भवनको जिम्मा पाएको निर्माण व्यवसायीले दुई पटक म्याद थप्दा समेत ५० प्रतिशत मात्रै काम सम्पन्न गरेको छ।

बागलुङ नगरपालिकाको १५ शय्याको अस्पतालको दोस्रो ढलान मात्रै सम्पन्न भएको छ। दुई वर्षमा सक्नेगरी ठेक्का सम्झौता अस्पतालको तीन वर्ष बित्दासमेत जम्मा ५० प्रतिशत काम सकिएको बागलुङ नगरपालिकाले जनाएको छ।

निर्माण व्यवसयीले भुक्तानी समयमै नपाएको, कच्चा सामग्री आयातमा सडकको अवरोध रहेका कारण निर्माणमा ढिलाइ भएको जनाउँदै आए पनि दुई पटक मिति थप्दासमेत भवन निर्माण आधा मात्रै सकिएको बागलुङ नगरपालिकाका इन्जिनियर सोबिन घर्तीले बताउनुभयो। "१५ शय्याको नगर अस्पताल भवन निर्माणमा ढिलाइ भएको छ, २०८० असारमा म्याद सकिएको थियो, एक वर्षलाई थपेको म्याद सकियो, पुनः एक वर्षलाई दोस्रोपटक म्याद थपिएको छ, काम बल्ल ५० प्रतिशत भएको छ, एकतला अझै ढालन गर्न बाँकी छ", घर्तीले भन्नुभयो, "सार्वजनिक खरिद नियमावली २०६४ को १२ औँ र १३औँ संशोधनअन्तर्गत दोस्रो पटक म्याद थपिएको छ, एक वर्षमा काम गरे अस्पताल भवन निर्माण गरेर हस्तान्तरण गर्न सकिन्छ, निर्माण व्यवसायीले समयमै काम गर्न नसक्दा दुई पटक म्याद थपिएको छ।" नगर अस्पताल पुरानो स्वास्थ्यचौकीको भवनबाट सेवा दिन सुरु गरेकै तीन वर्ष बितिसक्दा अस्पताल भवन निर्माण हुँन नसकेको हो। स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी नगर अस्पताल बनाएर सेवा दिए पनि भवन अभावले समस्यामा परेको स्थानीय बालकृष्ण शर्माले बताउनभुयो। लामो समयको प्रयास र पहलपछि बागलुङ नगरपालिकाको नगर अस्पताल बागलुङ नगरपालिका-१३ पैँयुपाटामा १५ शय्याको नगर अस्पताल भवन निर्माण अघि बढे पनि निर्माण व्यवसायीको चरम लापरवाहीका कारण भवन निर्माणले गति लिन नसकेको हो। निर्माण व्यवसायीलाई ताकेता गरिरहेको बताउँदै वडा नं १३ का वडाध्यक्ष नारायण पौडेलले असारभित्रै अन्तिम तला ढलानको तयारी गरे पनि सडक मार्ग अवरुद्ध भएपछि कामदारले अस्पताल निर्माणको काम छाडेर घर गएको बताउनुभयो। अस्पतालबाट अहिले मेडिकल अधिकृतसहितको सेवा प्रदान भइरहेको उहाँले बताउनुभयो।

बागलुङ -१३ पैँयुपाटा स्वास्थ्यचौकीलाई नै नगर अस्पतालका रूपमा नामकरण गरेको बागलुङ नगरपालिकाले नयाँ भवन निर्माणका लागि रु १२ करोड ८७ लाखमा ठेक्का सम्झौता गरे पनि निर्माण व्यवसायीको ढिलासुस्तीका कारण अस्पताल भवन निर्माण कहिले सकिने टुङ्गो नलागेको वडाध्यक्ष पौडेलले बताउनुभयो। "बागलुङ नगरपालिकाको बलेवा क्षेत्र सदरमुकामको पहुँचबाट टाढा भएका कारण नगर अस्पताल यही बनाउने गरी काम थालेको थियो, तीन वर्षमा आधा काम हुँदा अझै कति वर्ष लाग्छ भन्ने जनतालाई आशङ्का छ", वडाध्यक्ष पौडेलले भन्नुभयो "सरकारले प्रत्येक पालिकामा १५, १० र ५ शय्याको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्यअनुसार स्वास्थ्यको पहुँचबाट टाढा रहेको नगरपालिकाको दक्षिण भेगलाई लक्षित गरी नगर अस्पताल निर्माण थालिएको भए पनि अस्पताल भवन निर्माणमा ढिलाइ हुँदा सेवा दिँदा समस्या भएको छ।" पन्ध्र शय्याको अस्पताल भवन निर्माण गर्न श्री महालक्ष्मी जुगल जेभीसँग २०७८ असार २३ गते रु १२ करोड ८७ लाखमा सम्झौता भएको थियो। उक्त भवन २०८० साल असार २० गतेसम्म सक्नुपर्ने सम्झौता रहेको छ। अस्पतालको प्रवेशद्वार, पार्किङलगायत संरचनासहित तीन तलाको विद्युतीय भऱ्याङसहितको अस्पताल निर्माण हुने भए पनि समयमै भुक्तानी नहुँदा र सडक बन्द हुँदा निर्माणमा ढिलाइ भएको निर्माण व्यवसायका आधिकारिक प्रतिनिधि नरेश ओभ्फाले बताउनुभयो। साढे दुई करोड भुक्तानी गर्न राज्यले बाँकी रहेको बताउँदै भुक्तानी पाउँदासाथ काम गरेर सक्ने ओभ्फाको भनाइ छ। बागलुङ नगरपालिकाकोरायडाँडा,पैँयुपाटा, अमलाचौर र नारायणस्थानका बासिन्दालाई अस्पताल निर्माणसँगै स्वास्थ्य सेवा लिन सहज हुनेगरी नगर अस्पताल घोषणा गरेर सेवा दिन थाले पनि भवन निर्माणमा ढिलाइ हुँदा पूर्ण सेवा दिन नसकिएको हो।



माछापुच्छ्रे हिमाल र हरियाली धानखेत :
लगातारको वर्षातपछि मौसम खुल्दा पोखरा-३२ गगनगौँडाबाट देखिएको हरियाली धानखेत, माछापुच्छ्रे हिमाल र लुकामारी गरेको बादल। मौसम खुलेसँगै पोखराको दृश्य मनमोहक देखिएको छ। तस्बिरः वासुदेव पौडेल / रासस

# किसान संघ पोखरा ६ बैदाममा ओमनाथ अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन



किसान संघ पोखरा महानगर पालिका वडा ६ को अध्यक्ष मा ओमनाथ अधिकारी चयन भएका छन्। संघको विहीबार सम्पन्न दोस्रो अधिवेशनले अधिकारीको अध्यक्षतामा आठ सदस्य नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ।

संघको उपाध्यक्षमा नारायण पोखरेल, सचिव मोतिराज कोइराला, सहसचिव विष्णु प्रसाद पहारी र कोषाध्यक्षमा पार्वती पौडेल चयन भएका छन्। तसै गरि सदस्यहरूमा लक्ष्मी प्रसाद पहारी, सिता पौडेल र हिरा पौडेल चयन भएका नेपाली वडा इकाई ६ का सचिव प्रकाश न्यौपानेले जानकारी दिएका छन्। यस अघि कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेशका प्रवक्ता माधव प्रसाद बास्तोला (मधु) ले नेपाली काङ्ग्रेसले किसानको जीवन र जीविकामा आमूल परिवर्तन ल्याउने गरी सरकारले कार्यक्रमको व्यवस्था गर्न माग गरेका छन्। रासायनिक मलको मूल्यवृद्धि अविलम्ब रोकियोस्। दीर्घकालीन योजना बनाई खेतीको समयमा रासायनिक मलको अभाव हुने अवस्थाको सधैँका लागि अन्त्य गर्ने माग गरेका थिए।

नेपाल किसान संघ कास्कीका अध्यक्ष पुण्डरी प्रसाद बरालले देशमा रासायनिक मलबिना खेती गर्न सकिने गरी प्राङ्गारिक खेती र दिगो कृषिलाई प्रवर्द्धन गर्नुपर्नेका जोड दिए। नेपाल किसान संघ क्षेत्रिय सभापति रवि अधिकारी ले कृर्षि औजार र बीउबिजनको मूल्य वृद्धि नियन्त्रण गरि कालोबजारी गर्नेमाथि सरकारले कडा कारबाही गरि उपभोक्ता र उत्पादक सहकारीहरू मार्फत सुपथ मूल्य पसलहरू सञ्चालनमा ल्याउनु पर्नेमा उल्लेख गरे।

नेपाल किसान संघ बैदामका अध्यक्ष लोकराज पहारीको सभा अध्यक्षतामा सम्पन्न कार्यक्रममा इकाई सभापति सन्तोष पौडेल, नेपाली काँग्रेस गण्डकी प्रदेश संघ गठन विभागका उप प्रमुख प्रभा पौडेल सुवेदी र नेपाल तरुण दलका केन्द्रिय सदस्य लक्ष्मण पहारी लगायतका वक्ताहरूले नेपाली काङ्ग्रेसको पहिलो प्राथमिकता नै किसानहरूको हकहितमा हुनु पर्ने भन्दै आफ्ना भनाइ राखेका थिए।

# सद्भावको पर्व यार्तुङ

**पोखरापत्र संवाददाता**
मनाङ, १८ साउन

हिमाली जिल्ला मनाङमा सद्भावको पर्वका रूपमा यार्तुङ अर्थात् घोडेजात्रा पर्व मनाइन्छ। वर्षाका बेला पर्ने यस पर्वमा घोडा कुदाउने गरिन्छ। यस पर्व विशेषगरी खेतीपातीको उत्पादन राम्रो होस् तथा खेतीबाली लगाइसकेपछि थकान मेटाउन यार्तुङको परम्परागत सुरुआत गरिन्छ।

माथिल्लो मनाङको मनाङ गाउँ, खाङ्सार, पिसाङ, भ्राका, हुम्डे र सदरमुकाम चामेमा यो पर्व मनाइन्छ। माथिल्लो मनाङमा यार्तुङ पर्व पाँच दिनसम्म मनाउने गरिन्छ।

विशेषगरी लामाले नाचेर पर्व मनाउने गरिन्छ। मनाङ डिस्याङका सबैले खेती रोपिसकेपछि यार्तुङ पर्व मनाइन्छ। मनाङवासीले घोडालाई भगवान्का रूपमा पुज्ने गर्दछन्। यो खेतीपाती लगाउने याम सकिएपछि फुर्सदको बेला घोडालाई संयुक्त रूपमा पुजिने पर्व हो। घोडालाई मनाङमा महत्वपूर्ण साधनका रूपमा लिइन्छ। यस पर्वले घोडालाई संरक्षण गर्न प्रोत्साहन गर्ने मनाङ डिस्याङ गाउँपालिका-१ पिसाङका याङडुङ गुरुङले बताउनुभयो।

"वर्षा याममा रोगव्याधिबाट जोगाउनु नै यस पर्वको महत्व तथा विशेषता हो", उहाँले भन्नुभयो। यसले यहाँ आउने पर्यटकलाई आकर्षित गर्छ। यस पर्वको माध्यमबाट मनाङको परम्परागत धार्मिक आस्थालाई जोगाउन टेवा पुगेको उहाँको भनाइ छ। यार्तुङ पर्वका माध्यमबाट गाउँ, समाज र व्यक्तिबीच एकापसमा सामाजिक सद्भाव कायम हुने मनाङ डिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष चोल्पा गुरुङले बताउनुभयो। मनाङ गाउँबाट मनाउन सुरु भएपछि मात्रै अन्य स्थानमा यार्तुङ सुरु गर्ने चलन रहेको छ। "पहिलेको तुलानामा यार्तुङमा युवाको सहभागिता कम हुँदै गएको छ", उहाँले भन्नुभयो। तर पनि निरन्तरता मनाङवासीले दिइरहेकै छन्। सामाजिक मूल्यमान्यताको पर्वलाई लोप हुनबाट जोगाउने प्रयास गरिरहेको उहाँको भनाइ छ। मनाङ गाउँबाट सुरु हुने यार्तुङ तल्लो मनाङमा मनाउने चलन हटेको स्थानीय बताउँछन्। यस पर्वतर्फ पर्यटकको आकर्षण बढ्दो छ। जसले गर्दा यस पर्वलाई संरक्षण तथा निरन्तता दिनुपर्ने देखिन्छ। मनाङका वेषभूषा, संस्कृति, संस्कार र परम्परालाई संरक्षण गर्नु मनाङीको कर्तव्य हो।

यस संस्कृतिका माध्यमबाट पर्यटकलाई आकर्षण गर्न थप ऊर्जा मिल्ने उहाँहरूको बुझाइ छ। बर्सेनी मनाङमा घोडा घट्दै गएको वडाध्यक्ष गुरुङले बताउनुभयो। "पहिले घरघरमा दुई/तीन वटा घोडा पालिन्थ्यो। हरेक सामान ढुवानी तथा यातायातमा घोडाको प्रयोग गरिन्थ्यो।

अहिले सवारीसाधन आएपछि घोडाको प्रयोग घट्दै गएको छ। घोडापालन नै घट्दै गएको पाइन्छ। यसको कमी यार्तुङ पर्वमा प्रत्यक्षरूपमा देखिन्छ", उहाँले भन्नुभयो।

सडक नपुगेको अझै पनि घोडा नै प्रमुख यातायात तथा सामान ढुवानीको साधन हो। जिल्लाको नार्पाभूमिमा सडक पुगेको छैन। पछिल्लो समय घोडा पाल्ने क्रम घटे पनि सडक नपुगेका स्थानमा घोडाको नै प्रयोग हुँदै आएको छ। समुद्री सतहबाट चार हजार नौ सय १९ मिटर उचाईमा रहेको तिलिचो ताल, अन्नपूर्ण पदमार्गअन्तर्गतको (५४१६ मिटर) थोराङ्ला भञ्ज्याङ जान चाहने पर्यटकलाई पुऱ्याउन घोडाको नै प्रयोग गरिन्छ। हिँड्न नसक्ने यात्रुलाई घोडाका माध्यमबाट तिलिचो ताल, थोराङ्ला भञ्ज्याङसम्म पुऱ्याउने गरिएको छ। हालसम्म सडक सञ्जाल नपुगेको नार्पाभूमि गाउँपालिकाका बासिन्दाको मुख्य सवारीसाधन घोडा नै हो। "सामग्री ढुवानी तथा आवतजावतका लागि स्थानीयले घोडाको प्रयोग गर्ने गर्छन्", वडाध्यक्ष गुरुङले भन्नुभयो। यहाँका स्थानीयले खाद्यान्न, घाँस, दाउरा, लेकबाट जडीबुटी सङ्कलन, औषधि ढुवानी, बिरामीलाई अस्पताल लैजान घोडाको प्रयोग गर्दै आएका छन्।

# भकिम्लीमा स्वास्थ्य चौकी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ साउन

बेनी नगरपालिका-३ भकिम्लीमा स्वास्थ्य चौकीको भवन निर्माण भएको छ।

बेनी नगरपालिकाको रु ५० लाख बजेटमा सभाहलसहित पाँच कोठे एक तले पक्की भवन निर्माण भएको हो। बेनी नगरपालिका-३ का वडाध्यक्ष पदमबहादुर पुनले नयाँ भवनबाट स्वास्थ्य चौकीको सेवा सञ्चालन हुने जानकारी दिनुभयो।

"स्वास्थ्य चौकी सञ्चालन भइरहेको नमूना आमा समूहको पुरानो भवन जीर्ण बन्दा पानी चुहिने समस्या थियो", उहाँले भन्नुभयो, "बेनी नगरपालिकाबाट आर्थिक वर्ष २०७९/०८० मा रु ३० लाख र २०८०/८१ मा रु २० लाख बजेट विनियोजन गरेर भवन बनाएका हौँ।"

नयाँ भवनमा सभाहलसहित उपचार, सहायता, स्वास्थ्यकर्मी, प्रशासन र औषधि भण्डारण कक्ष रहेको भकिम्ली स्वास्थ्य चौकी भवन निर्माण समितिका अध्यक्ष भोजबहादुर थापाले बताउनुभयो। स्वास्थ्य चौकीको नयाँ भवन निर्माणपछि करिब एक हजार घरधुरी लाभान्वित हुने उहाँको भनाइ थियो।

जीर्ण, साँघुरो र पानी चुहिने कच्ची भवनमा स्वास्थ्य संस्था सञ्चालन गर्दा नागरिकलाई समस्या भएको थियो।

स्वास्थ्य चौकीको भवन बनाउन स्थानीय पृथ्वीलाल खत्रीका परिवारले आठ रोपनी जग्गा निःशुल्क उपलब्ध गराउनुभएको थियो।

यसअघि वान हर्ट संस्था र बेनी नगरपालिकाको साझेदारीमा रु ४५ लाखको लागतमा चार कोठे प्रसूति गृह निर्माण भएको थियो। उक्त संस्थाले भवनमा प्रसूति सेवाका लागि उपकरण सहयोग गरेको छ।

# अलैँचीका बोट मासिँदै, मूल्य वृद्धि हुँदै

**रासस**
काठमाडौं, १८ साउन

जिल्लामा पछिल्लो समय अलैँचीको मूल्य वृद्धि भए पनि बोट मासिँदै जान थालेका छन्। अलैँचीलाई फागुन-चैतमा पानी आवश्यक पर्नेमा समयमा वर्षा नहुँदा बोट मासिँदै जान थालेका हुन्।

गत वर्ष प्रतिमन (४० किलो) रु ८० हजारमा बिक्री भएको अलैँची यस वर्षको सुरुमा रु ८५ हजार प्रतिमन खरिदबिक्री भइरहेको छ। यस वर्ष अलैँचीको मूल्य बढे पनि उत्पादन घटेको किसान बताउँछन्। समयमा पानी नपरेकाले अलैँचीका बिरुवा मासिनाका साथै उत्पादनमा कमी आएको किसान हरि पोखेलले बताउनुभयो।

"अलैँचीलाई फागुन-चैतमा पानी आवश्यक पर्छ। त्यो समयमा पानी नपरेकाले बोट मासिएका छन्। पानी नपरेपछि पुराना उत्पादन दिने कतिपय स्थानका बोटसमेत मरेका छन्", उहाँले भन्नुभयो। यसअघि प्रशस्त उत्पादन दिएका बोट यस वर्ष सुक्खाका कारण मरेका उहाँले बताउनुभयो। मूल्य बढी भएकै कारण अलैँचीलाई खोलसीको कालो सुन भन्ने गरिन्छ। अलैँची टिप्ने 'सिजन' सुरु हुनै लाग्दा मूल्य राम्रो हुँदा किसान खुसी भए पनि उत्पादन घट्ने चिन्ता लागेको किसानको भनाइ छ। समयमा पानी नपरेको, जुजुरे, स्याङ्लेलगायत रोगको सङ्क्रमणले बोट मासिँदै गएका अलैँची व्यवसायी महासङ्घले जनाएको छ। सुक्खायाम भएकाले अलैँचीका बोट सुक्दै गएर अहिले मासिन थालेका किसान बताउँछन्। मूल्य बढेपछि अहिले जिल्लाका विभिन्न स्थानमा नयाँ बिरुवा लगाउने काम भइरहेको महासङ्घले जनाएको छ। अलैँची विकास केन्द्र फिक्कलले बिरुवा उत्पादन गरी प्रतिबिरुवा रु पाँचका दरले बिक्री भइरहेको जनाएको छ। किसानले उत्पादन गरेका बिरुवा प्रतिगोटा रु १० मा बिक्री हुँदै आएको छ। किसान पोखेलका अनुसार अलैँची लगाएको तीन वर्षदेखि उत्पादन सुरु हुन्छ। जिल्लामा रामसाई, गोल्साई, चिबे, सलकपुर, भार्लाङलगायत स्थानमा अलैँचीखेती हुन्छ। सलकपुर जातको अलैँची चाँडो र बढी उत्पादन हुने भएकाले धेरैको रोजाइमा पर्ने गरेको उहाँले बताउनुभयो। "अन्य जातका बिरुवा बढी समयसम्म टिक्ने हुन्छन्। सलकपुरको टिकाउ भने कम हुन्छ", उहाँले भन्नुभयो। वर्षामा सलकपुरको बिरुवा लगाइन्छ। अलैँचीको दलबाट र भ्फाङ फुटाएर बिरुवा उत्पादन गरिन्छ। भ्फाङ फुटाएर लगाइएको बिरुवाले दुई वर्षदेखि उत्पादन दिन्छ भने दलबाट लगाएको बिरुवाले चार वर्षदेखि उत्पादन दिन थाल्छ। नेपालको पूर्वी पहाडी क्षेत्र अलैँची उत्पादन गर्न उपयुक्त मानिन्छ। इलामसहित सङ्खुवासभा, पाँचथर, धनकुटा र भोजपुर अलैँची उत्पादनका लागि उर्भर भूमि मानिन्छ। अलैँची ४३ जिल्लाका १८ हजार पाँच सय हेक्टरमा खेती गरिएकामा यसको क्षेत्र विस्तार गरेर ५३ जिल्लामा पुऱ्याइएको अलैँची व्यवसायी महासङ्घले जनाएको छ।

# लक्ष्यभन्दा बढीलाई पोलियो विरुद्धको खोप लगाइयो

**रासस**
काठमाडौं, १८ साउन

काठमाडौँ उपत्यकामा लक्ष्यभन्दा बढी बालबालिकालाई पोलियो रोग विरुद्धको खोप लगाइएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत साउन ९ गतेदेखि साउन १५ गतेसम्म सञ्चालन गरेको खोप अभियानमा लक्ष्यभन्दा बढी खोप लगाएको हो।

स्वास्थ्य सेवा विभागका बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले दुई लाख ९७ हजार नौ सय २५ बालबालिकालाई खोप लगाएको जानकारी दिनुभयो। उहाँले १०४ प्रतिशत बालबालिकालाई खोप लगाएको बताउनुभयो। उपत्यकामा दुई लाख ७९ हजार छ सय ८१ बालबालिकालाई पोलियो रोग विरुद्धको खोप खुवाउने लक्ष्य लिएको थियो।

उहाँका अनुसार काठमाडौँ जिल्लामा दुई लाख तीन हजार आठ सय ९८ जना, ललितपुरमा ५२ हजार दुई सय ३२ र भक्तपुरमा ४१ हजार सात सय ९५ जनालाई पोलियो रोग विरुद्धको खोप लगाएका छन्। यसपटक मुखबाट खुवाइने 'ओपिभि' खोप खुवाइएको थियो।

मन्त्रालयले टुकुचा खोला र बागमती नदीको सङ्गमस्थल टेकुमा पोलियो जीवाणु भेटिएपछि काठमाडौँ उपत्यकामा खोप अभियान सञ्चालन गरिएको थियो। पोलियो खोप जन्मेदेखि पाँच वर्ष मुनिका बालबालिकालाई स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वमंसेविकाले घरघर पुगेर पोलियो विरुद्धको खोप खुवाएका थिए। पोलियो रोग पोलियो भाइरसबाट हुने सङ्क्रामक रोग हो। पोलियो लागेपछि ज्वरो आउने, पखाला लाग्ने, जीउ दुख्ने, थकाइ महसुस गर्ने र रोग गम्भीर हुन थाल्यो भने पक्षघात हुने र मुत्युसम्म हुने गर्दछ। पोलियो रोग दूषित खाना र पानीको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ। सन् २०१४ पोलियोमुक्त भएको नेपाल सन् २०२६ सम्म पोलियो उन्मूलन गर्ने सरकारको लक्ष्य रहेको छ।